# तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

फोन : ०७५-५२०१०९, ५२०८९३, ५२०१२९, ५२०९०९


पत्र संख्या : २०७८/०७९
चनं :


Email: info@tansenmun.gov.np, ito.tansenmun@gmail.com
website: www.tansenmun.gov.np


## सुपथ मूल्य पसल सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशीत मिति: २०७८।११।०२

तानसेन नगरपालिकाबाट चालु आ.व.२०७८/०७९ को बार्षिक नगर विकास योजनामा सुपथ मूल्य पसल सञ्चालन सहयोगको कार्यक्रम राखिएकोमा तानसेन नगरपालिकाको स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन-२०७६ को दफा १४ र ३९ ले दिएको अधिकार प्रयोग गरी तानसेन नगरपालिकाले जारी गरेको सुपथ मूल्य पसल सञ्चालन तथा प्रवर्द्धन निर्देशिका-२०७७ को दफा-५ अनुसार निम्न शर्तमा रहने गरी यस नगरपालिका क्षेत्रमा सुपथ मूल्य पसल सञ्चालन गर्न इच्छुक तानसेन नगरपालिका भित्र कार्यक्षेत्र रहेका सहकारी संस्था, ता.न.पा.को स्थानीय सहकारी सञ्जाल, सामुदायिक संस्थाहरुबाट तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**शर्तहरु:**

१) सुपथ मूल्य पसल सञ्चालन गर्न इच्छुक सहकारी संस्था र ता.न.पा.को स्थानीय सहकारी सञ्जाल, सामुदायिक संस्थाहरुले यो सूचना प्रकाशित भएको तीसौं दिनको मितिले २०७८।१२।१ गते दिनको १२:०० बजे भित्र निबेदन शुल्क बापत यस नगरनगरपालिकाको रा.बा.बैंक, पाल्पा शाखामा रहेको खाता नं.३०३०१००३०१०१०००४ मा रकम रु.३०००।- (अक्षरुपी तीन हजार मात्र, पछी फिर्ता नहुने गरी) जम्मा गरेको भौचर समावेश गरी प्रस्ताव सहित नगरपालिकाको कार्यालयमा आवेदन दिनु पर्ने छ। (सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट प्रस्ताव पेश गर्न सकिने छ।)

२) आवेदनका साथ संस्थाले व्यवसायिक योजना संलग्न गर्नु पर्ने छ। व्यवसायिक योजनामा सूपथ मूल्य पसल सञ्चालन सम्बन्धी व्यहोरा समेटिएको हुनु पर्ने छ।

३) ता.न.पा.को स्थानीय सहकारी सञ्जालको हकमा बाहेक संस्थाले आवेदनका साथ संस्था दर्ता प्रमाण पत्र, लेखा परीक्षण प्रतिवेदन, चालु आ.व.को कर चुक्ताको प्रमाण पत्र , शेयर अभिलेख, संचालक समितिका पदाधिकारीहरुको विवरण र वडा कार्यालयको सिफारिस पत्र पेश गर्नु पर्ने छ।

४) सुपथ मूल्य पसल सञ्चालन गर्ने सम्बन्धमा संस्थाको सञ्चालक समितिले गरेको बैठकको निर्णयको प्रतिलिपी समेत पेश गर्नुपर्ने छ।

५) यस नगरपालिकाको सुपथ मूल्य पसल सञ्चालन तथा प्रवर्द्धन निर्देशिका-२०७७ को अनुसूची-१ अनुसारका बस्तु तथा सेवाको बजार मूल्य र कति छुटमा बेच्ने हो त्यसको विवरण पनि निवेदनका साथ समावेश हुनु पर्ने छ। यसरी निवेदन दिदा आफूले नगरपालिकाबाट अनुदान लिई बस्तु बेच्दा उपभोक्तालाई दिने प्रस्तावित छुट प्रतिशत र प्रतिव्यक्ति कति परिमाण सम्म उपलब्ध गराउने हो भन्ने व्यहोरा पनि प्रष्ट पार्नु पर्ने छ।

६) निवेदनका साथ भाडाको घरमा सुपथ मूल्य पसल सञ्चालन गर्ने भए घर भाडा सम्झौता र संस्थाको आफ्नै घर जग्गामा सञ्चालन गर्ने भए लालपुर्जाको प्रतिलीपि समेत पेश गर्नु पर्ने छ। साथै चालु आ.व.को नगरपालिकालाई तिर्नु पर्ने सम्पूर्ण कर तथा शुल्क तिरेको निस्सा समावेश गर्नु गर्नुपर्ने छ।

७) यो आवेदनको मूल्याङ्कन नगरपालिकाबाट गठित मूल्याङ्कन समितिले गर्ने छ।

८) नगरपालिकासँग सम्झौता भएको मितिले १५ दिनभित्र पसल सञ्चालन गरी नगरपालिकामा लिखित जानकारी गराउनु पर्ने छ।

९) मासिक बिक्रीको प्रतिवेदन (Sales Report) महिना कटेको ७ दिन भित्र पेश गर्नुपर्ने छ।

१०) नगरपालिकाबाट उपलब्ध अनुदानमा बिक्री गरिने वस्तुहरु बिक्री गर्दा नगरपालिकाबाट जारी फेमिली कार्ड अथवा उपभोक्ता कार्ड जारी गरिएको व्यक्तिहरुको लागि मात्र सेवा प्रदान गर्नु पर्नेछ।

११) दिगोरुपमा पसल सञ्चालनको सुनिश्चिता हुनु पर्नेछ।

थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिने छ।

पितम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner